# उच्च शिक्षा नीति, २०७२

## १. पृष्ठभूमि

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई  सीपसँग आबद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरू वृद्धि गर्दै लैजानु पर्ने सन्दर्भमा उच्च शिक्षालाई  व्यवस्थित गर्दै लैजान सरकारका साथै निजी क्षेत्र, सहकारी, गुठी, स्थानीय निकाय एवम् समुदायलाई  समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरूलाई  प्रभावकारी, सान्दर्भिक र गुणस्तरीय बनाउनु पर्ने आवश्यकता छ । उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्नु हरेक उच्च शिक्षा प्रदायक संस्थाहरूको न्यूनतम् दायित्वभित्र पर्दछ । शैक्षिक संस्थाहरू निश्चित मापदण्डमा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उत्कृष्ट प्राज्ञिक थलो हुने स्थापित मान्यता स्वरूप गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन (Quality Assurance and Accreditation—QAA) प्रणालीको थालनी भएको छ । यस प्रणालीलाई  सुदृढ एवम् सबल बनाइ सबै उच्च शिक्षा प्रदायक संस्थाहरूलाई  समेट्ने गरी प्रणालीगत विकास गर्ने कार्य अझै बाँकी नै छ ।

उच्च शिक्षालाई  गुणस्तरीय बनाइ समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक ज्ञान, सीप, विज्ञान, कला एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्षरूपमा विकास र विस्तार गर्नु आवश्यक छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि विदेशी उच्च शिक्षा प्रदायक संस्थाहरू तथा तिनका सम्बन्धनमा उच्च शिक्षा संस्थाहरू खुल्ने क्रम बढेकाले यस तहको शैक्षिक व्यवस्थापन थप सुदृढ गर्नु पर्ने देखिन्छ । हाल सञ्चालनमा रहेका र भविष्यमा खोलिने उच्च शिक्षा प्रदायक संस्थाहरूको विकास, व्यवस्थापन र नियमनका लागि उच्च शिक्षा नीति २०७२ तर्जुमा गरिएको छ ।

२. विगतका प्रयासहरू

उच्च शिक्षा व्यवस्थापन र सञ्चालनका लागि एकीकृत उच्च शिक्षा नीतिको व्यवस्था नभएको भएता पनि विभिन्न समयमा नेपाल सरकारबाट गठित आयोगहरूले दिएका सुझाव र सरकारबाट जारी भएका नीति तथा कार्यक्रमका आधारमा उच्च शिक्षाको व्यवस्थापन भइ आएको छ । हाल सञ्चालित विश्व विद्यालय आ-आफ्नै ऐन र विनियमहरूबाट स्वायत्त रूपमा सञ्चालन हुँदै आएका छन् । नेपाल सरकारबाट उपलव्ध हुने अनुदान निश्चित मापदण्डका आधारमा विश्व विद्यालय अनुदान आयोगबाट वितरण भइ आएको छ ।

विगतदेखि उच्च शिक्षाको क्षेत्रमा सार्वजनिक नीतिका रूपमा तय गरिएका उच्च शिक्षाका नीतिहरू छरिएर रहेको अवस्थामा राष्ट्रिय आवश्यकता, उच्च शिक्षाको बढ्दो माग, उच्च शिक्षामा विश्वव्यापी रूपमा आएको परिवर्तन र उत्पादित जनशक्तिले अन्तर्राष्ट्रिय रूपमा सामना गर्नु पर्ने प्रतिस्पर्धालाई

समेत दृष्टिगत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरू समेतको सहभागितामा उच्च शिक्षा नीतिको समसामयिक विषयमा राष्ट्रिय सम्मेलन समेत गरिएको थियो। यस सम्मेलनबाट प्राप्त भएका सुझाव र विगतका प्रयासहरूलाई एकीकृत गरी सरोकारवालाहरूसँगको छलफलबाट उच्च शिक्षा नीतिले समेट्नु पर्ने विषयगत क्षेत्रहरूको पहिचान भएको थियो। राष्ट्रिय आवश्यकताका आधारमा सरोकारवालाहरूबाट प्राप्त राय सुझाव समेतका आधारमा नयाँ परिवेशमा छरिएर रहेका नीतिहरूलाई प्रस्तुत उच्च शिक्षा नीति २०७२ मा समेटिएको छ।

### ३. वर्तमान स्थिति

२०७१ साल सम्मको तथ्याङ्कअनुसार उच्च शिक्षा प्रदायकका रूपमा ९ ओटा विश्वविद्यालयहरू र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू रहेका छन्। नेपालमा उच्च शिक्षाको विकास र विस्तारमा सरकारका साथै समुदाय र निजी क्षेत्र समेतको लगानी र प्रयास रहेको छ। यसका लागि लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आयस्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि स्थानीय निकाय, समुदाय र निजी क्षेत्रहरूलाई पनि उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिएको छ। यसको परिणाम स्वरूप हाल उच्च शिक्षा प्रदान गर्ने १२७६ क्याम्पसहरू मध्ये ९६ ओटा आङ्गिक क्याम्पसका रूपमा र ४२९ ओटा समुदायबाट सञ्चालित छन् भने ७५१ ओटा निजी लगानीमा सञ्चालित छन्। अहिले नेपालको उच्च शिक्षाको कुल भर्ना दर १७.१ प्रतिशत पुगेको छ। सङ्ख्यात्मक रूपमा उच्च शिक्षा प्रदायक संस्थाहरूको विस्तार भएको देखिएता पनि उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन।

### ४. समस्याहरू

उच्च शिक्षा क्षेत्रमा देखा परेका समस्याहरू देहायअनुसार छन्:

(अ) नेपालमा उच्च शिक्षा प्रतिको जनचाहना द्रुत गतिमा बढेको छ। हरेक वर्ष विद्यार्थी भर्ना दर बढेको छ। उच्च शिक्षासँग सम्बद्ध नयाँ संस्थाहरू प्रति वर्ष थपिँदै गएका छन्। तर यो विस्तार योजनाबद्ध र व्यवस्थित हुन सकेको छैन।

(आ) उच्च शिक्षामा आर्थिक रूपले विपन्न र भौगोलिक रूपले पिछडिएका क्षेत्रका नागरिकहरूको सहभागिता बढ्न सकेको छैन। सामाजिक तथा आर्थिक रूपले पछाडि परेका क्षेत्रका विद्यार्थीहरूका लागि विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरिएको भएता पनि लक्षित समूहका लागि पर्याप्त हुन सकेको छैन।

(इ) पाठ्यक्रमलाई समय सापेक्ष बनाउन नसक्दा उच्च शिक्षाको उद्देश्य अनुकूल हुने गरी शैक्षिक क्रियाकलाप सञ्चालन, परीक्षा प्रणालीको व्यवस्था, शैक्षिक क्यालेन्डरको पालना, उपयुक्त

शैक्षिक वातावरणको सिर्जना र उच्च शिक्षा प्रदायक संस्थाहरूको क्षमता वृद्धि गर्न सकिएको छैन।

(ई) उच्च शिक्षा प्रदायक संस्थाहरूमा उपयुक्त प्राज्ञिक वातावरण कायम हुन नसक्दा शैक्षिक क्यालेन्डर प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेकाले समय र स्रोत खेर गएको छ। यसका साथै प्राज्ञिक सभा, गोष्ठी, नेतृत्व विकास, अनुसन्धान, परियोजना कार्य, प्रवर्तनात्मक क्रियाकलाप जस्ता अध्ययन–अध्यापनका महत्वपूर्ण क्रियाकलापहरू ओझेलमा परेका छन्।

(उ) मुलुकका उच्च शिक्षा प्रदायक संस्थाहरूका बीच अन्तरसम्बन्ध कायम गरी नेतृत्व विकास, अनुसन्धान, प्रवर्तन एवम् विकास कार्यमा सहकार्य र एकरूपता कायम गरी अगाडि बढ्न सकिएको छैन।

(ऊ) उच्च शिक्षा प्रदायक संस्थाहरू राष्ट्रिय एवम् अन्तरराष्ट्रिय स्तर अनुकूल चुस्त एवम् प्रतिस्पर्धात्मक हुन सकेका छैनन्। वर्तमान अन्तर्राष्ट्रिय प्रवृत्ति र प्रचलन अनुसार उच्च गतिमा वृद्धि हुँदै गएको ज्ञान एवम् त्यसको उपयोग र आधुनिक सूचना प्रविधिको उपयोग सँगै खुला शिक्षाको विस्तार हुन सकेको छैन।

(ए) एकीकृत उच्च शिक्षा नीतिको अभावमा एकातिर उच्च शिक्षा विकासको उचित गन्तव्य सहित दूरगामी सोचमा आधारित योजना निर्माण हुन सकेको छैन भने अर्कोतिर उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, विकास र विस्तारमा एकरूपता कायम हुन सकेको छैन। विश्वविद्यालयहरू बेग्लाबेग्लै ऐनअन्तर्गत स्थापना भई सञ्चालनमा रहेका हुँदा समन्वयको अभाव रहेको छ।

(ऐ) उच्च शिक्षामा लगानी, उत्पादन र प्राज्ञिक कार्यकुशलताका बीच सहसम्बन्ध स्थापित गर्न नसक्दा उच्च शिक्षा प्रदायक संस्थाहरू खोल्न र सञ्चालनमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ।

५. उच्च शिक्षा नीतिको आवश्यकता

उच्च शिक्षाका पहुँच, समता, गुणस्तर र व्यवस्थापनका क्षेत्रमा विद्यमान विविध समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्नका लागि एकीकृत उच्च शिक्षा नीतिको आवश्यकता परेको छ। उच्च शिक्षा संस्थाहरूको सङ्ख्या, तिनका शैक्षिक कार्यक्रमहरू एवम् विद्यार्थी भर्नामा भएको वृद्धिलाई सम्बोधन गर्न आन्तरिक स्रोतको परिचालन गरी उच्च शिक्षामा सरकारी, सामुदायिक एवम् निजी लगानी समेतलाई प्रोत्साहन गर्न एकीकृत उच्च शिक्षा नीति तर्जुमा गर्नु परेको छ। विश्वविद्यालयहरू बेग्लाबेग्लै ऐन अन्तर्गत स्थापना भई सञ्चालनमा रहेका हुँदा समन्वयको अभावलाई सम्बोधन गर्न यो नीति तर्जुमा गर्नु परेको छ। उच्च शिक्षा प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनलाई एकीकृत ढाँचामा आवद्ध गरी एक संस्थाको ज्ञान अर्को संस्थामा स्थानान्तरण गर्न र विश्वविद्यालयहरू

बीच क्रेडिट ट्रान्सफर (पाठ्यभार स्थानान्तरण) र समायोजन गर्नका लागि समेत उच्च शिक्षा नीति तर्जुमा गर्नु परेको हो।

**दूरदृष्टि (Vision)**

मुलुकको सर्वाङ्गिण विकासका लागि सान्दर्भिक अनुसन्धान तथा ज्ञान अभिवृद्धि र अन्तरराष्ट्रिय विकासक्रमसँग आवद्ध गर्न सक्ने उच्च स्तरको मानव संसाधन विकास गर्न उच्च शिक्षा प्रदायक संस्थाहरूलाई नेतृत्वदायी उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्ने।

**सङ्कल्प (Mission)**

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने समतामूलक एवम् समावेशी अवसरसहित प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त र उपलब्धिमूलक उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन र व्यवस्थापन हुने।

## ६. उद्देश्य

देशको सामाजिक तथा आर्थिक विकासका लागि विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु उच्च शिक्षाको प्रमुख उद्देश्य रहेको छ। उच्च शिक्षाको प्रभावकारी व्यवस्थापन र सञ्चालन प्रयोजनका लागि तयार गरिएको यो उच्च शिक्षा नीतिको निम्नलिखित उद्देश्यहरू रहेका छन्।

६.१ उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई नियमित, व्यवस्थित र मर्यादित बनाउँदै उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्ने।

६.२ विद्यालय शिक्षामा भएको क्षेत्रगत विस्तार र विविधिकरण समेतलाई दृष्टिगत गरी उच्च शिक्षालाई मौलिक ज्ञान र पहिचानको आधारस्तम्भका रुपमा स्थापित गरी समग्र सामाजिक र आर्थिक विकासको उन्नयनका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित प्रतिस्पर्धी र उद्यमशील मानव संसाधन विकास गर्ने।

६.३ उच्च शिक्षामा अध्ययन तथा अनुसन्धानका अवसरहरू वृद्धि गरी सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् अन्तर्राष्ट्रिय परिवेश अनुकूल प्रतिस्पर्धी बनाउने।

## ७. नीतिहरू

७.१ विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको क्षमता र योग्यता (Aptitude and Merit) का आधारमा सबैका लागि उच्च शिक्षामा प्रवेश खुल्ला हुनेछ।

७.२ गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय गुणस्तर प्रारूप तयार गरी सोको आधारमा शैक्षिक संस्थाहरू सञ्चालन भएको सुनिश्चित गरिने छ।

७.३ राष्ट्रको समग्र आर्थिक तथा सामाजिक विकास र राजनीतिक रूपान्तरणबाट सिर्जित राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूलाई सम्बोधन गर्न उच्च शिक्षाका कार्यक्रमहरू केन्द्रित गरिने छ।

७.४ उच्च शिक्षा प्रदायक संस्थाहरू (विश्वविद्यालयहरू तथा तिनका आङ्गिक एवम् सम्बन्धन प्राप्त शिक्षण संस्थाहरू) को प्राज्ञिक उत्कृष्टता एवम् अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि पाठ्यक्रम र शैक्षिक प्रणाली एवम् व्यवस्थापनमा समय सापेक्ष सुधार गरिने छ।

७.५ उच्च शिक्षामा अनुसन्धान एवम् प्रवर्तनलाई उच्च शिक्षा कार्यक्रमको अभिन्न अङ्गका रूपमा विकास गरिने छ।

७.६ उच्च शिक्षालाई राष्ट्र विकासका लागि आवश्यक मानव संसाधन विकास गर्ने संयन्त्रको रूपमा विकासित गरिने छ।

७.७ उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायिक, निजी र साझेदारी कार्यलाई प्रोत्साहित गरिने छ।

७.८ निश्चित मान्यता, मापदण्ड तथा प्रक्रियागत उत्तरदायित्व र जवाफदेहिताका आधारमा उच्च शिक्षामा लगानीका क्षेत्र विस्तार गरी परिणाममुखी वित्तीय व्यवस्थापनको ढाँचा अबलम्बन गरिने छ।

७.९ केन्द्र र प्रदेश/स्थानीय तहबाट विश्वविद्यालयहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापन र वर्गीकरण गरिने छ।

७.१० उच्च शिक्षाको समन्वय तथा नियमन सरकारको दायित्व भित्र रहने र सरकारले लिएका नीति निर्देश गर्ने कार्य शिक्षा मन्त्रालयबाट हुनेछ।

## ८. रणनीतिहरू

उच्च शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि अवलम्बन गरिने रणनीतिहरू निम्नानुसार हुनेछन्:

८.१ विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चित हुने गरी खुला एवम् दूर शिक्षा लगायतका व्यवस्थामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने। (७.१)

८.२ उच्च शिक्षामा पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, मधेसी समुदाय, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको उच्च शिक्षा अध्ययनमा निरन्तरताका लागि सहयोग कार्यक्रमहरूको व्यवस्था गर्ने। (७.१)

८.३ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायनका लागि स्वायत्त गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड स्थापना गर्ने। (७.२)

८.४ हाल सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको सुधार एवम् नयाँ शैक्षिक संस्थाहरूको स्थापनाका लागि गुणस्तरको सुनिश्चितता तथा प्रत्यायनलाई एक प्रमुख आधार बनाउने। (७.२)

८.५ उच्च शिक्षा प्रदायक संस्थाहरूको गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवम् अन्तर्राष्ट्रिय विकासक्रम, मान्यता र प्रचलनसँग सान्दर्भिक बनाउने। (७.२)

८.६ देशको विशेषता, सन्दर्भ एवम् विकासका सम्भाव्यताहरूलाई ध्यानमा राखी उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरु कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद विज्ञान (Sports Science), जलवायु परिवर्तन लगायतका सेवा क्षेत्रहरुमा केन्द्रित गरी प्रतिस्पर्धात्मक क्षमताको विकासमा जोड दिई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम ज्ञान, सीप एवम् प्रविधिको विकास गर्ने। (७.३)

८.७ प्राकृतिक वातावरणको सन्तुलन, विपद् व्यवस्थापन एवम् दिगोपनका लागि उच्च शिक्षा कार्यक्रमहरूको विस्तार गर्ने। (७.३)

८.८ उच्च शिक्षा सञ्चालनमा संस्थागत स्वायत्तता तथा विकेन्द्रीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्ने। (७.४)

८.९ उच्च शिक्षा प्रदायक विदेशी संस्थाहरू तथा तिनका सम्बन्धनमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरू र तिनका शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता र हितका आधारमा प्रभावकारी नियमन तथा व्यवस्थापन गर्ने र स्वदेशकै विश्वविद्यालयहरूका सम्बन्धन प्राप्त उच्च शिक्षा प्रदायक संस्थाहरूलाई पनि राष्ट्रिय नियमन ढाँचा अन्तर्गत ल्याइ विदेशी विश्वविद्यालयबीच समन्वय गरी शिक्षण सिकाइ आदान प्रदान गर्ने। (७.४)

८.१० विश्वविद्यालय एवम् उच्च शिक्षा प्रदायक संस्थाहरूको अनुसन्धान कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता एवम् अवसरहरूसँग आबद्ध गरी शैक्षिक अनुसन्धान एवम् नवप्रवर्तनका लागि क्षमता अभिवृद्धि गर्ने। (७.५)

८.११ राष्ट्रको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने। (७.६)

८.१२ सामुदायिक, सार्वजनिक तथा निजी क्षेत्रलाई उच्च शैक्षिक संस्थाहरू खोल्न, सञ्चालन गर्न तथा विकास गर्न प्रोत्साहित गर्ने। (७.७)

८.१३ विदेशी शैक्षिक संस्थाहरूसँगको सहकार्यमा वा सम्बन्धन प्राप्त गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न उच्च शिक्षा प्रदायक संस्थाहरूलाई प्रचलित राष्ट्रिय नीति, आवश्यकता एवम् अन्तर्राष्ट्रिय सम्झौताका आधारमा मात्र स्वीकृति प्रदान गर्ने। (७.७)

८.१४ उच्च शिक्षामा लगानी तथा आर्थिक व्यवस्थापनलाई पारदर्शिता र उत्तरदायित्वका आधारमा उपयुक्त प्रविधि सहितको प्रणालीगत विकास गरी वित्तीय नियमन तथा अनुगमन गर्ने प्रबन्ध मिलाइ सरकारी अनुदानलाई उत्पादकत्व र गुणस्तरसँग आबद्ध गर्ने। (७.८)

८.१५ विश्वविद्यालयहरू सार्वजनिक, सामुदायिक, निजी, निजी तथा सार्वजनिक साझेदारी लगायत आवश्यकता अनुसार उपाधि प्रदान गर्ने संस्था (Degree Awarding Institutions), आवासीय विश्वविद्यालय, शैक्षिक उत्कृष्टताका केन्द्रहरू, प्रतिष्ठानहरू, मानित विश्वविद्यालयहरू समेत समेटिने गरी उच्च शैक्षिक संस्थाहरूको वर्गीकरण गर्ने। (७.९)

८.१६ उच्च शिक्षा प्रदायक संस्था एवम् शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चितताको मान्यता र मापदण्डका आधारमा नियमन गर्ने। (७.९)

८.१७ उच्च शिक्षा प्रदायक संस्था एवम् शैक्षिक कार्यक्रमको सञ्चालन, व्यवस्थापन र नियमन गर्न विद्यमान संस्थागत संयन्त्रको पुनरावलोकन गरी आवश्यक संरचनागत प्रबन्ध गर्ने। (७.१०)

## ९. कार्यनीतिहरू

९.१ उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूलाई ध्यानमा राखी खुला विश्व विद्यालय लगायत खुला एवम् दूर शिक्षा प्रणालीको संस्थागत विकास गरिने छ। (८.१)

९.२ उच्च शिक्षालाई राष्ट्रिय प्राथमिकताका आधारमा व्यवस्थापन गर्न कृषि तथा वन, पर्यावरण, विज्ञान एवम् प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्ग, जलविद्युत्, नवीकरणीय उर्जा, उद्योग तथा व्यापार लगायतका क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगारउन्मुख उच्च शिक्षाको विकास र विस्तारलाई प्राथमिकता दिइनेछ। (८.१)

९.३ उच्च शिक्षामा देशको आर्थिक विकास, उत्पादन एवम् रोजगारमूलक शिक्षाका लागि आवश्यक शैक्षिक कार्यक्रमहरूको संस्थागत विकास गरिने छ। (८.१)

९.४ विद्यमान उच्च शिक्षा प्रदायक संस्था तथा तिनका कार्यक्रमहरूको समावेशी एवम् प्रभावकारी व्यवस्थापन गरिने छ। (८.२)

९.५ सामाजिक तथा समतामूलक सहभागिताका लागि आर्थिक सहायताको व्यवस्था गरिनेछ। (८.२)

९.६ आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न र राज्यले आवश्यक लगानी गर्ने वातावरण तयार गर्न निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिने छन्ः(८.२)

(अ) छात्रवृत्ति

(आ) सहुलियत ऋण

(इ) स्व–आर्जनद्वारा अध्ययन गर्ने प्रावधान

९.७ गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाणपत्रका आधारमा मात्र विदेशी उच्च शिक्षा प्रदायक संस्थालाई सम्बन्धन दिइने छ। त्यस्ता संस्थालाई विदेशमा सम्बन्धन दिन वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित मुलुकका राष्ट्रिय उच्च शिक्षा निकायबाट स्वीकृति प्राप्त भएकै हुनुपर्ने प्रावधान राखिने छ। (८.३)

९.८ प्रत्यायन बोर्डद्वारा अनुसन्धान एवम् नवप्रवर्तनमुखी पाठ्यक्रम र पठन पाठन कार्यलाई प्रोत्साहित गरिने छ। (८.३)

९.९ विश्वविद्यालयहरूले व्यावसायिक तथा प्राविधिक विषयहरू गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाहरूलाई मात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था गरिने छ। (८.३)

९.१० उच्च शिक्षा प्रदायक संस्थाहरूले गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रक्रियामा सहभागी भई प्रत्यायन प्राप्त गर्ने छन्। गुणस्तर सुनिश्चितता एवम् प्रत्यायनका आधारमा उच्च शिक्षा प्रदायक संस्थाहरूको विकास एवम् सुधार गरिने छ। गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन परीक्षण प्रणालीलाई आधारभूत आवश्यकतामा केन्द्रित गरी सुदृढ गरिने छ। (८.३)

९.११ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित संस्थाहरूसँग सहकार्य गरिने छ। (८.३)

९.१२ विश्वविद्यालयहरूद्वारा आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको नतिजामा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने छ। (८.४)

९.१३ निश्चित मापदण्डभित्रको शैक्षिक स्तर सुनिश्चित भएका संस्थालाई राष्ट्रिय प्राथमिकता भित्रका विषय क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरी वैदेशिक सम्बन्धनको स्वीकृति दिइने छ। (८.४)

९.१४ उच्च शिक्षाका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन माग गर्ने संस्थाहरूको स्थलगत अध्ययन तथा अनुगमन गरी त्यस्ता संस्थाले सञ्चालन गर्न चाहेको कार्यक्रम र उक्त कार्यक्रमका लागि संस्था छनोट गर्दा पारदर्शी मापदण्डका आधारमा विस्तृत रूपमा गरिएको स्थलगत अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन अनुसार सम्बन्धन तथा नयाँ कार्यक्रम सञ्चालनका लागि स्वीकृति दिइने छ। (८.४)

९.१५ कुनै ठाउँमा नयाँ शैक्षिक संस्थालाई सम्बन्धन दिँदा त्यहाँ रहेका आङ्गिक तथा सम्बन्धन प्राप्त अन्य क्याम्पसमाथि पर्ने प्रभावका बारेमा अध्ययन गरेर मात्र दिइने प्रबन्ध मिलाइने छ। यसलाई प्रणालीगत रूपमा सुधार गर्दै लैजान हाल सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूको नियमन गर्न राष्ट्रिय स्थानमान ग्रिड (National Distribution Grid) को ढाँचा तयार गरी सोका आधारमा योजनाबद्ध तरिकाले संस्थाहरू गाभ्ने तथा सम्बन्धन दिइनेछ। (८.४)

९.१६ उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आवद्ध गरी यिनीहरूलाई अनुसन्धानमूलक एवम् प्रवर्तनात्मक बनाउन प्रोत्साहित गरिने छ । (८.५)

९.१७ उच्च शिक्षाका क्रियाकलापलाई राष्ट्रिय विकासका समसामयिक समस्या र चुनौतीहरूको सामना गर्न आवश्यक ज्ञानको खोज एवम् त्यसको उपयोगमा आधारित बनाइने छ । (८.५)

९.१८ शिक्षकको आधारभूत योग्यता परीक्षणका लागि राष्ट्रिय मूल्याङ्कन प्रणालीको थालनी गरिने छ । (८.५)

९.१९ देहायका सम्भाव्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय क्षेत्रहरू अध्ययन गर्न उच्च शिक्षा आयोगद्वारा समन्वय गरिने छः (८.६)

(अ) कृषि तथा वनसम्बन्धी अध्ययन

(आ) जलस्रोत तथा जलविद्युतसम्बन्धी अध्ययन

(इ) प्राकृतिक प्रकोप व्यवस्थापनसम्बन्धी अध्ययन

(ई) जलवायु तथा प्राकृतिक वातावरण सन्तुलनसम्बन्धी अध्ययन

(उ) जैविक विविधतासम्बन्धी अध्ययन

(ऊ) पर्यटन एवम् पर्वतारोहणसम्बन्धी अध्ययन

(ए) राष्ट्रिय सम्पदा, संस्कृति एवम् परम्परागत विषयसम्बन्धी अध्ययन

९.२० ज्ञान तथा सीपसम्बन्धी अध्ययन राष्ट्रिय सम्पदा तथा परम्परागत स्थानीय ज्ञान, सीप एवम् प्रविधिको जगेर्ना एवम् विकास गर्न कृषि, वन, जैविक विविधता, पर्यटन, जल तथा जलविद्युत्, नवीकरणीय उर्जा, खेलकुद विज्ञान (Sports Science), साना एवम् मझौला उद्योगको विकासको आवश्यकतासँग शैक्षिक कार्यक्रमहरू आबद्ध गरी समुदायसँग उच्च शिक्षाको अन्तर सम्बन्ध स्थापित गरिने छ । (८.६)

९.२१ राज्यको आर्थिक स्रोत–साधन तथा सम्पदाहरूको दिगो विकासको अवधारणा अन्तर्गत अधिकतम् उपयोग गरी राष्ट्रलाई समृद्ध तुल्याउन उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाइने छ । (८.७)

९.२२ उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन एवम् प्रभावकारी व्यवस्थापनका लागि निम्नानुसार संरचनागत सुधार गरिने छः (८.८)

(अ) विश्वविद्यालय, संकाय आङ्गिक एवम् सम्बन्धन प्राप्त क्याम्पसहरूलाई प्राज्ञिक स्वायत्तता तथा विकेन्द्रीकरणका आधारमा व्यवस्थापन गर्न प्रोत्साहित गर्ने ।

(आ) भौगोलिक रूपले उपयुक्त स्थानीय क्याम्पसहरूलाई समूह (Cluster) मा आबद्ध गरी सघन (Comprehensive) उच्च शिक्षा एकाइको रूपमा विकसित गर्ने ।

९.२३ नयाँ विश्वविद्यालय/उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना र हाल सञ्चालनमा रहेका संस्थाहरू राष्ट्रिय स्थानमान ग्रिडको आधारभूत ढाँचा अनुसार जनसङ्ख्या, सहरीकरण, क्षेत्रीय तथा भौगोलिक समता, राष्ट्रिय आवश्यकता एवम् प्राथमिकताका आधारमा स्थापना र नियमन गरिने छ। (८.८)

९.२४ उच्च शिक्षा प्रदायक संस्थाहरूमा उपयुक्त शैक्षिक एवम् प्राज्ञिक वातावरणको निर्माण र विकासमा जोड दिइने छ। (८.८)

९.२५ नेपाल सरकारले विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन गर्ने नयाँ क्याम्पसलाई सम्बन्धन स्वीकृति दिँदा र पुरानालाई नवीकरण गर्दा स्थलगत सम्भाव्यता अध्ययनलाई र सम्बन्धन दिने विश्वविद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्राप्त गरेको ख्यातीलाई प्रमुख आधार बनाइनेछ। सम्भाव्यता अध्ययनका लागि अनिवार्य रूपमा योग्यता पुगेका पूर्णकालीन शिक्षकहरू र निश्चित मापदण्ड अनुसार भौतिक पूर्वाधार पुगेको हुनु पर्ने व्यवस्था गरिने छ। (८.९)

९.२६ विदेशी सम्बन्धनमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूमा पूर्णकालीन व्यवस्थापक, कर्मचारी र शिक्षकहरूको अनिवार्य व्यवस्था गरिने छ। निश्चित अनुपातमा विदेशी विशेषज्ञ प्राध्यापकको उपस्थिति एवम् संलग्नता वा स्वदेशी प्राध्यापकहरूको क्षमता अभिवृद्धि र पेसागत विशेषज्ञता सुनिश्चित गरिने छ। (८.९)

९.२७ विदेशी शैक्षिक संस्थाहरूको सम्बन्धनमा स्थापना तथा सञ्चालन हुने शैक्षिक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्ने अनुमति दिइनेछ। (८.९)

९.२८ विश्वविद्यालयहरूले सम्बन्धन दिने कार्यको समन्वय विश्वविद्यालय समन्वय समितिले गर्ने र उच्च शिक्षा आयोगको निर्णय अन्तिम हुने व्यवस्था गरिने छ। (८.९)

९.२९ स्वदेशी एवम् विदेशी विश्वविद्यालयहरूका उपाधि, शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको समकक्षता एवम् तिनीहरूबीच क्रेडिट ट्रान्सफर गर्ने प्रणालीको विकास गरिने छ। (८.९)

९.३० उच्च शिक्षा प्रदायक संस्थाहरूलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन तथा उच्च स्तरका विदेशी शैक्षिक संस्थासँग शैक्षिक एवम् प्राज्ञिक सहकार्य र सहयोग गर्न गराउन प्रोत्साहित गरिनेछ। (८.९)

९.३१ अन्वेषणात्मक तथा जिज्ञासामूलक शैक्षिक एवम् प्राज्ञिक संस्कृतिको प्रतिस्थापन र विकासलाई प्रोत्साहित गर्ने गरी शिक्षकको वृत्ति विकास गर्न पेसागत सहयोग प्रणाली विकास गरिने छ। (८.१०)

९.३२ प्राध्यापकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि गोष्ठी, अनुसन्धान एवम् उच्च स्तरीय अध्ययनका लागि प्रोत्साहित गरिने छ। (८.१०)

९.३३ उच्च शैक्षिक संस्थाहरूमा अनुसन्धान संस्कृतिको विकासमा जोड दिंदै अनुसन्धान एवम् मौलिक र सिर्जनात्मक क्रियाकलापहरूलाई पाठ्यक्रमको आधार बनाई उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा सुधार गरिने छ। अनुसन्धानमूलक कृति, प्रतिवेदन एवम् जर्नल प्रकाशनलाई प्रोत्साहित गरिने छ। (८.१०)

९.३४ सिकाइ समस्याहरूको समाधानका लागि अन्वेषणात्मक परीक्षण गर्ने र क्षमता प्रमाणीकरणका लागि मापदण्ड सहितको परीक्षा प्रणालीको विकास गरिने छ। (८.१०)

९.३५ हाल सञ्चालनमा रहेका शैक्षिक संस्थाहरू एवम् कार्यक्रमहरूलाई प्राविधिक एवम् व्यावसायिक शिक्षासँग सामञ्जस्य कायम गर्न पुल कार्यक्रम (Bridging Program) को व्यवस्था गरिने छ। (८.११)

९.३६ आर्थिक पछौटेपन तथा बेरोजगारी समस्याको समाधान गर्न प्राविधिक तथा व्यावसायिक उच्च शिक्षालाई प्राथमिकता दिइने छ। (८.११)

९.३७ राष्ट्र विकासका कार्यक्रमहरूको कार्यान्वयन गर्ने क्षमता अभिवृद्धिका लागि विज्ञान तथा प्रविधिलाई प्राथमिकता दिई उच्च शिक्षाको विकास गरिनेछ। (८.११)

९.३८ सामुदायिक तथा निजी क्षेत्रलाई राष्ट्रिय प्राथमिकता एवम् संस्थागत विकास सम्बन्धी ग्रिडका आधारमा उच्च शिक्षा प्रदायक संस्थाहरू खोल्न तथा विकास गर्न प्रोत्साहित गरिनेछ। (८.१२)

९.३९ विश्वविद्यालयहरूद्वारा आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको नतिजामा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ। (८.१२)

९.४० विदेशी शैक्षिक संस्थाहरूको सम्बन्धनमा स्थापना तथा सञ्चालन हुने शैक्षिक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्ने अनुमति दिइनेछ। (८.१३)

९.४१ स्वदेशी उच्च शिक्षा प्रदायक संस्थाले सञ्चालन गर्न नसक्ने शैक्षिक कार्यक्रम मात्र निश्चित गुणस्तर तथा मापदण्ड पुरा गरेका शैक्षिक संस्थालाई सञ्चालन गर्न स्वीकृति दिइने छ। (८.१३)

९.४२ राष्ट्रिय प्राथमिकता, गुणस्तर र कार्यसम्पादनका आधारमा सरकारको लगानी तथा अनुदान उपलव्ध गराइने छ। (८.१४)

९.४३ राष्ट्रिय प्राथमिकता र गुणस्तरका आधारमा उच्च शिक्षामा आधारभूत अनुदान, कार्यसम्पादनमा आधारित अनुदान र सूत्रमा आधारित अनुदानको व्यवस्था गरी निश्चित मान्यता र मापदण्डका आधारमा व्यवस्थापन एवम् नियमन गरिनेछ । (८.१४)

९.४४ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि मापदण्डका आधारमा विश्वविद्यालयहरूको वर्गीकरण गरी संस्थाहरूबीच सहकार्य गर्न प्रोत्साहित गरिनेछ । (८.१५)

९.४५ स्वदेशी एवम् विदेशी विश्वविद्यालयहरूका उपाधि, शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको समकक्षता एवम् तिनीहरू बीच क्रेडिट ट्रान्सफर प्रणालीको विकास गरिनेछ । (८.१५)

९.४६ उच्च शिक्षा प्रदायक संस्थाहरूलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन तथा उच्च स्तरका विदेशी शैक्षिक संस्थासँग शैक्षिक एवम् प्राज्ञिक सहकार्य र सहयोग गर्न गराउन प्रोत्साहित गरिनेछ । (८.१५)

९.४७ विश्वविद्यालय स्थापनाका लागि आवश्यक कानुन तर्जुमा गर्न, राष्ट्रिय स्तरको उच्च शिक्षा सुधार कार्यक्रमको योजना बनाउन तथा कार्यान्वयन गर्नका लागि राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र उच्च शिक्षा आयोग सम्मिलित संयन्त्रको व्यवस्था गरिने छ । (८.१६)

९.४८ एकीकृत उच्च शिक्षा ऐनका आधारमा विश्वविद्यालयहरूको सञ्चालन, व्यवस्थापन र नियमन गरिनेछ । (८.१६)

९.४९ विश्वविद्यालयलगायत उच्च शिक्षा सम्बद्ध निकायहरूका नेतृत्वदायी पदहरूमा निश्चित मापदण्ड र प्रतिस्पर्धाका आधारमा छनोट गरिनेछ । (८.१६)

९.५० उच्च शिक्षाको प्रबर्धन र विकासका राष्ट्रिय मुद्दा, प्राथमिकताहरूलाई सान्दर्भिक र प्रभावकारी तुल्याउन शिक्षा मन्त्रालयद्वारा समन्वय, अनुगमन र नियमन गरिनेछ । (८.१६)

९.५१ उच्च शिक्षा आयोगद्वारा उच्च शिक्षाको विकास, समन्वय, अनुगमन र नियमन कार्य गरिने छ । (८.१७)

९.५२ आयोगको क्षमता अभिवृद्धि, सुदृढीकरण र सेवा प्रवाहको गुणस्तर सुनिश्चित गर्न निम्नानुसारका संरचनागत सुधारका कार्यहरू गरिने छ: (८.१७)

(अ) देशको समग्र उच्च शिक्षा विकासका योजना बनाउन, कार्यान्वयन गर्न, अनुगमन, समन्वय तथा नियमन कार्यलाई व्यवस्थित गर्न विश्वविद्यालय समन्वय समिति गठन गर्ने ।

(आ) उच्च शिक्षाको समग्र आर्थिक नीति निर्धारण एवम् व्यवस्थापन गर्न, उच्च शिक्षामा सरकारी आर्थिक सहयोग/लगानी तथा सामुदायिक र निजी लगानी एवम् आर्थिक

व्यवस्थापन समेतको नियमन/अनुगमन गर्नका लागि उच्च शिक्षा वित्तीय व्यवस्थापन बोर्डको गठन गर्ने।

(इ) विद्यार्थी वित्तीय सहायता कोषको दिगो व्यवस्थापन गर्न हाल सञ्चालनमा रहेको विद्यार्थी वित्तीय कोषको सुदृढीकरण गरी नियमित सञ्चालनको व्यवस्था गर्ने।

(ई) पाठ्यक्रम प्रारूप निर्धारण, समकक्षता निर्धारण, उपाधिहरूको परस्पर मान्यता एवम् क्रेडिट स्थानान्तरण (Course equivalence, mutual recognition of degrees and credit transfer) को संस्थागत व्यवस्थापनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप बोर्डको स्थापना गर्ने।

९.५३ उच्च शिक्षा आयोगले समन्वय गर्ने गरी निम्नानुसारका कार्य गरिनेछ: (८.१७)

(अ) गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणालीको प्रबर्धन र कार्यान्वयनका लागि एक स्वायत्त राष्ट्रिय गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड गठन गर्ने।

(आ) राष्ट्रिय मुद्दा, प्राथमिकता एवम् स्रोतहरूलाई उच्च शिक्षाका अनुसन्धानात्मक एवम् नवप्रवर्तनात्मक क्रियाकलापहरूसँग आबद्ध गर्न उच्च शिक्षा अनुसन्धान परिषद्को स्थापना गर्ने। परिषद्ले अनुसन्धानका राष्ट्रिय आवश्यकताका साथै मानव संसाधन योजनाका आधारमा आर्थिक तथा मानव स्रोतसँग विश्वविद्यालयहरूलाई आबद्ध गर्ने।

(इ) प्रतिस्पर्धाका आधारमा शिक्षक भर्ना, बढुवा, शिक्षक आचार संहिता, सेवा व्यवस्थापन एवम् व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी समन्वय एवम् नियमन गर्नका लागि एक राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको स्थापना गर्ने।

(ई) देशको विकासका आवश्यकता एवम् कुल गार्हस्थ उत्पादनका आधारमा उच्च शिक्षा बजेटको योजना बनाउने तथा वित्तीय व्यवस्था मिलाउने प्रणालीको विकास गर्ने।

(उ) उच्च शिक्षामा वित्तीय नीति निर्देशन एवम् कार्यान्वयन सम्बन्धी निर्णय गर्नका लागि शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र उच्च शिक्षा आयोग सम्मिलित वित्तीय निर्देश प्रणालीको विकास गर्ने।

## १०. संस्थागत संरचना

उच्च शिक्षा नीति कार्यान्वयनका लागि हालको संरचनामा परिवर्तन गरी देहाय बमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नु पर्ने देखिन्छ:

(अ) सरकारले लिएका नीति निर्देश गर्ने कार्य शिक्षा मन्त्रालय बाट हुने भएकाले उच्च शिक्षाको समन्वय र सहजीकरणका लागि शिक्षा मन्त्रालयमा उच्च शिक्षा महाशाखा स्थापना हुनेछ।

(आ) विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा परिणत गर्ने र सो आयोग अन्तर्गत रहने गरी निम्नानुसारका संयन्त्रहरूको व्यवस्था हुनेछ:

(क) उच्च शिक्षा/विश्वविद्यालय समन्वय समिति

(ख) उच्च शिक्षा वित्तीय व्यवस्थापन समिति

(ग) विद्यार्थी वित्तीय सहायता कोष

(घ) राष्ट्रिय पाठ्यक्रम प्रारूप बोर्ड

(इ) उच्च शिक्षा आयोगको समन्वयमा देहायका स्वायत्त निकायहरू स्थापना हुनेछन्:

(क) गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड (Quality Assurance and Accreditation Board-QAAB)

(ख) उच्च शिक्षा अनुसन्धान परिषद्

(ग) राष्ट्रिय उच्च शिक्षा सेवा आयोग

## ११. आर्थिक पक्ष

उच्च शिक्षा नीतिको सफल कार्यान्वयनबाट तत्काल र दीर्घकाल गरी मुलुकको आर्थिक क्षेत्र प्रभावित हुन पुग्नेछ। तत्कालमा यसमा सरकारी लगानी बढ्नु पर्ने हुदाँ सरकारका प्राथमिकताका क्षेत्रहरूमा पुनर्विचार गर्नुपर्ने हुन्छ। चालु पुँजीमा वृद्धि हुनसक्छ। यसका तत्कालीन प्रभावहरू देहाय बमाजिम रहेका छन्:

(अ) शिक्षा मन्त्रालयमा अलग्गै स्थापना हुने उच्च शिक्षा महाशाखाका लागि नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने।

(आ) उच्च शिक्षा आयोग अन्तर्गत स्थापना हुने बोर्ड/समितिहरूको हकमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने।

(इ) उच्च शिक्षासम्बन्धी स्वायत्त निकायहरू स्थापना हुँदा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने तर विभिन्न विश्वविद्यालयहरूमा रहेका शिक्षक सेवा आयोगहरूको समायोजन गर्दा नेपाल सरकारलाई पर्न गएको आर्थिक दायित्व घट्ने।

उल्लिखित तत्कालीन आर्थिक पक्षहरूको विश्लेषणका आधारमा यस नीतिको कार्यान्वयनबाट देहाय बमोजिमका दीर्घकालीन सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ:

(अ) उच्च शिक्षा नीतिको सफल कार्यान्वयनबाट उच्च शिक्षाको समग्र व्यवस्थापनमा सुधार आई दक्ष मानव संसाधन विकास गर्नमा जोड पुग्नेछ। यसबाट मुलुकको विकासमा प्रत्यक्ष रूपबाट सकारात्मक प्रभाव सिर्जना हुनेछ। मुलुकको विद्यालय शिक्षा र अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ।

(आ) मुलुकको आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्न जानेछ। रोजगारी, स्वरोजगारी र स्वावलम्बनका क्षेत्रहरू सकारात्मक रूपबाट प्रभावित हुनेछन्।

(इ) तत्कालमा नीति कार्यान्वयनको क्रममा नेपाल सरकारलाई थप आर्थिक दायित्व व्ययभार पर्न जाने भए तापनि दीर्घकालीन रूपमा जवाफदेही संयन्त्रको विकास भई लगानीको पूर्ण सदुपयोग हुनेछ।

(ई) उच्च शिक्षाको समतामूलक विकासबाट मुलुकका पछाडि परेका समूह र वर्गको पहुँचमा सुधार आई मुलुकको सन्तुलित विकासमा सहयोग पुग्नेछ।

(उ) हालको लगानीको ढाँचामा विश्वविद्यालय स्थापना गर्दा सरकारी लगानीमा मात्र निर्भर रहने पद्धतिमा सुधार आई समग्र उच्च शिक्षाका सरोकारवालाहरूको सहभागितामा वृद्धि हुने र मुलुकले आवश्यक ठानेका क्षेत्रहरूमा लगानी गर्ने वातारण सिर्जना हुन गई यसबाट लगानीको सदुपयोगमा थप बल पुग्नेछ।

(ऊ) आन्तरिक स्रोत परिचालनमा बल पुग्न गई दीर्घकालीन रूपमा उच्च शिक्षाका कार्यक्रमहरू दिगो रूपमा सञ्चालन हुन सक्नेछ।

## १२. कानुनी व्यवस्था

प्रस्तुत नीति कार्यान्वयन गर्न एकीकृत उच्च शिक्षा ऐन तर्जुमा गरिनेछ। यसबाट विद्यमान विश्वविद्यालय अनुदान आयोग ऐन, विश्वविद्यालय ऐनहरूका साथै उच्च शिक्षाको क्षेत्रमा हाल कार्यान्वयनमा रहेका विभिन्न ऐनहरू प्रभावित हुनेछन्।

## १३. अनुगमन र मूल्याङ्कन

उच्च शिक्षा नीतिको अनुगमन गर्ने क्रममा देहायका अनुगमन योजना प्रभावकारी हुने देखिन्छ :

| क्र सं. | क्रियाकलाप | विधि | जिम्मेवार निकाय | अनुगमन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| १ | रोजगार/व्यवसाय र बजारसँग मेल खाने उच्च शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने | उच्च शिक्षाको कार्यक्रममा सुधार गरेर | विश्वविद्यालयहरु | रोजगारीको अवसर | खर्चको अभाव र प्रतिभा पलायन |
| २ | उच्च शिक्षाको पहुँच विस्तार गर्ने | उच्च शिक्षा प्रदायक संस्थाहरूको सबलीकरण र विस्तार गरेर | उच्च शिक्षा आयोग र विश्वविद्यालयहरु | उच्च शिक्षाको कुल भर्ना दर | क्षेत्रीय सन्तुलन कायम गर्न लाग्ने समय |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सबै विश्वविद्यालयहरूको शैक्षिक कार्यक्रममा एकरूपता कायम गर्ने | शैक्षिक कार्यक्रम र शैक्षिक क्यालेण्डर तय गरेर पाठ्यक्रम प्रारूप तयार गरेर | उच्च शिक्षा आयोग र विश्व विद्यालयहरू | शैक्षिक क्यालेण्डर को प्रयोग र पाठ्यक्रम प्रारूपको उपयोग | क्रियाशील समन्वय |
| ४ | उच्च शिक्षाको उत्तीर्ण दर बढाउने | अध्ययन–अध्यापन एवम् परीक्षा प्रणालीमा सुधार गरेर | उच्च शिक्षा आयोग र विश्व विद्यालयहरू | उत्तीर्ण प्रतिशत | अपेक्षित शिक्षण सिकाइ मापदण्ड पुरा गर्न लाग्ने समय |
| ५ | उच्च शिक्षाको गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन प्रणालीको पूर्ण कार्यान्वयन गर्ने | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड गठन गरेर | नेपाल सरकार, शिक्षा मन्त्रालय, उच्च शिक्षा आयोग | बोर्ड गठन | कानून निर्माणमा लाग्ने समय |
| ६ | उच्च शिक्षाको व्यवस्थित विकास र प्रवर्द्धन गर्ने | राष्ट्रिय स्थानमान ग्रिड तयार गरेर | उच्च शिक्षा आयोग | राष्ट्रिय स्थानमान ग्रिड कार्यान्वयन | समायोजन र पुन:वितरणमा लाग्ने समय |
| ७ | वैदेशिक सम्बन्धनमा सञ्चालन हुने उच्च शिक्षा प्रदायक संस्थाहरूको नियमन गर्ने | व्यवस्थापन र अनुगमन' सम्बन्धी मापदण्ड तयार गरेर | उच्च शिक्षा आयोग | मापदण्डका आधारमा सञ्चालनमा आएका उच्च शिक्षा प्रदायक संस्थाहरू | मापदण्डको पूर्ण कार्यान्वयन मा लाग्ने समय |
| ८ | विश्वविद्यालयलाई सूचकका आधारमा आर्थिक अनुदान उपलव्ध गराउने | अनुदान सम्बन्धी | उच्च शिक्षा आयोग | सूचकको विकास र कार्यान्वयन | सर्वमान्य सूचक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मापदण्ड तयार गरेर | | | निर्माणमा लाग्ने समय |
| ९ | उच्च शिक्षामा सरकार, सरोकारवाला एवम् स्थानीय निकायको सहभागिता वृद्धि गर्ने | साझेदारी कार्यक्रम सञ्चालन गरेर | शिक्षा मन्त्रालय र उच्च शिक्षा आयोग | साझेदारीतामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरू | कानुनी प्रावधान निर्माणमा लाग्ने समय |
| १० | एकीकृत उच्च शिक्षा नीति कार्यान्वयन गर्ने | एकीकृत उच्च शिक्षा ऐन तर्जुमा गरेर | नेपाल सरकार, व्यवस्थापिका संसद र शिक्षा मन्त्रालय | एकीकृत उच्च शिक्षा ऐन कार्यान्वयन | एकीकृत उच्च शिक्षा ऐन निर्माणमा लाग्ने समय |
| ११ | विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा परिणत गर्ने | ऐन संशोधन गरेर | नेपाल सरकार, संसद र शिक्षा मन्त्रालय | उच्च शिक्षा आयोगको स्थापना | कानुन निर्माणमा लाग्ने समय |
| १२ | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड उच्च शिक्षा अनुसन्धान परिषद् र राष्ट्रिय उच्च शिक्षा सेवा आयोग स्थापना गर्ने | ऐन तर्जुमा गरेर | नेपाल सरकार, व्यवस्थापिका संसद, शिक्षा मन्त्रालय र उच्च शिक्षा आयोग | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड, उच्च शिक्षा अनुसन्धान परिषद् र राष्ट्रिय उच्च शिक्षा सेवा आयोग स्थापना | कानुनी प्रावधान निर्माणमा लाग्ने समय |

## १४. जोखिम

उच्च शिक्षा नीति कार्यान्वयनको क्रममा देहायका जोखिमहरू आउन सक्ने देखिएकाले जोखिम न्यूनीकरणका लागि देहायका कार्यहरू उपयोगी हुन सक्छन् ।

| क्र.सं. | जोखिम | सम्बोधन गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | एकीकृत उच्च शिक्षा ऐन पारित हुन समय लाग्न सक्ने | सबै सरोकारवालाहरूको सहमति कायम गरी विधेयक पेस गर्ने | नेपाल सरकार‘ मन्त्रीपरिषद् र शिक्षा मन्त्रालय |
| २ | सबै विश्वविद्यालयहरूको शैक्षिक कार्यक्रममा एकरूपता कायम गर्न समय लाग्न सक्ने | विश्वविद्यालय समन्वय समितिलाई क्रियाशील बनाउने | नेपाल सरकार‘ मन्त्रीपरिषद् र शिक्षा मन्त्रालय |